# प्रदेश राजपत्र

**कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित**

**खण्ड १) सुर्खेत, वैशाख २३ गते, २०७५ साल (अतिरिक्ताङ्क ३**

## भाग १

### प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानून मन्त्रालय

नेपालको संविधान बमोजिम कर्णाली प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संम्वत् २०७५ सालको ऐन नं. २

# आर्थिक वर्ष २०७४।०७५ को सेवा र कार्यहरुको लागि प्रदेश संञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** आर्थिक वर्ष २०७४/०७५ को सेवा र कार्यहरुको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २०५ बमोजिमको कर्णाली प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"कर्णाली प्रदेश विनियोजन ऐन, २०७५"** रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०७४/०७५ को निमित्त प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकारः** आर्थिक वर्ष २०७४/०७५ को निमित्त अनुसूची -१ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची -२ को महल २ मा उल्लेखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरूका निमित्त सोही अनुसूचीको महल ३ मा उल्लेखित चालु खर्च र महल ४ मा उल्लेखित पूँजीगत खर्चतर्फको रकम समेत गरी महल ६ मा उल्लेखित जम्मा रू. १,०१,८६,००,०००।– (अक्षरेपी एक अर्व एक करोड छयासी लाख) मा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिने छ।

३. **विनियोजनः** (१) यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४/०७५ को निमित्त अनुसूची-२ को महल २ मा उल्लेखित निकायले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-२ को महल २ मा उल्लेखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने छ । पुँजीगत खर्चतर्फका शीर्षकमा विनियोजित रकम पूँजीगत तर्फकै खर्च शीर्षकबाहेक चालु खर्च शीर्षकमा रकमान्तर गर्न सकिने छैन ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अर्थ विविध शीर्षकमा विनियोजन भएको रकम जुन जुन शीर्षकमा निकासा र खर्च हुने हो सोही शिर्षकमा जतिसुकै रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन।

(४) संघीय विनियोजन ऐन, २०७४ को दफा ४ को उपदफा (५) बमोजिम नेपाल सरकार, अर्थ मन्त्रालयले यस प्रदेशका विभिन्न निकायहरु स्थापना र संचालन गर्न विभिन्न खर्च शीर्षकहरुमा बाँडफाँट गरी निकासा भएको रकममध्ये यो ऐन प्रस्तुत गर्नु अघिसम्म अनुसूची -३ बमोजिम चालुतर्फ रु २,१२,१०,३६६.७८ (दुई करोड बाह्र लाख दश हजार तीन सय छैसट्ठी पैसा अठहत्तर) र पूँजीगततर्फ रु

१,२८,२७,६९९.७३ (एक करोड अठ्आइस लाख सत्ताइस हजार छ सय उनान्सय  पैसा त्रिहत्तर) रुपैयाँ गरी कुल जम्मा रु ३,४०,३८,०६६.५१ (तीन करोड चालीस लाख अठ्तिस हजार छैसठ्ठी पैसा एकाउन्न) भई खर्च भएको रकमलाई समेत यसै ऐन बमोजिमको शीर्षकगत रुपमा मिलान गरिएको छ ।

(५) यो ऐनबमोजिम विनियोजित रकमको निकासा तथा खर्च व्यवस्थापन प्रदेश आर्थिक कार्यविधि ऐन बमोजिम हुनेछ ।

अनुसूची -१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधान बमोजिम

**<u>प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम</u>**

रु. हजारमा

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| **क्र.स** | **शीर्षकको नाम** | **चालु खर्च** | **पूँजीगत खर्च** | **वित्तीय व्यवस्था** | **जम्मा** |
| १ | प्रदेश सभा सचिवालय (प्रदेश सभामुख र उपसभामुखको पारिश्रमिक र सुविधा) | १९०० | ० | ० | १९०० |
| | जम्मा | १९०० | ० | ० | १९०० |

अनुसूची -२

(दफा २ र ३ सँग सम्बन्धित)

**प्रदेश सञ्चित कोषबाट विनियोजन हुने रकम**

रु. हजारमा

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्रस | निकायहरुको नाम | चालु तर्फ | पूँजीगत तर्फ | वित्तीय व्यवस्था | जम्मा |
| १ | प्रदेश सभा सचिवालय | ३५१६५ | २५६०० | ० | ६०७६५ |
| २ | मुख्य न्यायधिवक्ताको कार्यालय | ८५० | ४०० | ० | १२५० |
| ३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ४२४५९ | १०५०० | ० | ५२९५९ |
| ४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ३६६२० | १३५०० | ० | ५०१२० |
| ५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ४६५४६ | १०५०० | ० | ५७०४६ |
| | ५.१ प्रदेश लेखा नियन्त्रक कार्यालय | १०१० | ० | ० | १०१० |
| ६ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | २८२६५ | ५५१५० | ० | ८३४१५ |
| ७ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ३५२७७ | ६५५०० | ० | १००७७७ |
| ८ | भौतिक पूर्वाधार विकास मन्त्रालय | २१६६६ | १८९९५० | ० | २११६१६ |
| ९ | सामाजिक विकास मन्त्रालय | ४०२४५ | ३७८०० | ० | ७८०४५ |
| १० | अर्थ विविध | | | ० | ० |
| | १०.१ भैपरी आउने | १४९३०० | १७२२९७ | ० | ३२१५९७ |
| कुल जम्मा | | ४३७४०३ | ५८११९७ | ० | १०१८६०० |

अनुसूची -३

(दफा ४ सँग सम्बन्धित)

## संघीय सरकारबाट प्राप्त वित्तीय समानिकरण अनुदान बजेटबाट खर्च भई सकेको रकम

रु. हजारमा

| १ | २ | ३ | ४ | ५ |
|---|---|---|---|---|
| क्र.स | निकायहरुको नाम | चालु खर्च | पूँजीगत खर्च | जम्मा |
| १ | प्रदेश सभा सचिवालय | ५४७७ | २०६४ | ७५४१ |
| २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०८१ | १३२७ | ३४०८ |
| ३ | आर्थिक मामिला तथा योजना मन्त्रालय | २३७९ | २००७ | ४३८६ |
| ४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | १४१९ | ९६९ | २३८८ |
| ५ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ४००५ | २०१७ | ६०२२ |
| ६ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ३२४१ | १९७८ | ५२२० |
| ७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ५३५ | २२१ | ७५६ |
| ८ | सामाजिक विकास मन्त्रालय | २०७२ | २२४५ | ४३१७ |
| जम्मा | | २१२१० | १२८२८ | ३४०३८ |

प्रमाणीकरण मिति : २०७५।१।२३

आज्ञाले,
उपेन्द्र केशर खनाल
प्रदेश सरकारको निमित्त सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।-
गो.हु.द.नं. १६।२०६२।६३